# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ९** **संख्याः २** **मितिः २०८१/१२/२४**

**भाग-२**

**भूमे गाउँपालिका**

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२४*

*प्रमाणिकरण मितिः २०८१/१२/२४*


## द्वन्द्व पिडित व्यक्ति तथा परिवारलाई जिविकोपार्जन सुधारका लागि सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, वेपत्ता, घाइते तथा अपाङ्गता भएका व्यक्ति, शारिरीक र मानसिक रुपमा यातना पिडित र तत्कालिन समयमा राज्य पक्ष र विद्रोही पक्षबाट यौन हिंसा खेपेका महिला र तिनका परिवार लाई द्वन्द्वको पिडा कम गर्न सिप तथा क्षमता विकास गरी जिविकोपार्जनमा सुधारका लागि स्वरोजगारमुलक व्यवसाय सञ्चालनमार्फत आत्मनिर्भर बनाउन सहायता प्रदान गर्न र गाउँपालिकाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न बाञ्छनिय भएकोले भूमे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४ ) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम **द्वन्द्व पिडित व्यक्ति तथा परिवारलाई जिविकोपार्जन सुधारका लागि सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०८१**रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशंङ्गले अर्को अर्थ नलागेमा,

(क) **द्वन्द्व पिडित व्यक्ति वा परिवार** भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, वेपत्ता, घाइते तथा अपाङ्गता भएका व्यक्ति र शारिरीक एवंम मानसिक रुपमा यातना पिडित र तत्कालिन समयमा राज्य पक्ष र विद्रोही पक्षबाट यौन हिंसा खेपेका महिला र तिनका परिवारलाई समेतलाई सम्झनुपर्छ ।

(ख) **परिवार** भन्नाले द्वन्द्व पिडितका परिवार एवं द्वन्द्व पिडितका परिवारसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नि, छोराछोरी, धर्मपुत्र धर्मपुत्रि, नाति नातिना, बाबु आमा वा सौतेनी आमा तथा पिडितलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिसमेतलाई सम्झनुपर्छ । सो शव्दले पुरुष र अविवाहिता महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिलाको हकमा निजको सासु, ससुरा समेतलाई जनाउँछ ।

(ग) **अध्यक्ष** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ

(घ) **उपाध्यक्ष** भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले भूमे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समझनुपर्छ ।

(च) **सहायता** भन्नाले **व्यक्ति द्वन्द्व पिडित तथा परिवारलाई** जिविकोपार्जनमा सुधार गरी नियमित जीवन चलाउनका लागि दिइने क्षमता विकास तालिम तथा जिविकोपार्जन सुधार अनुदान र अन्य सहायतालाई सम्झनुपर्छ ।

(छ) **सहायता प्राप्त गर्ने व्यक्ति** भन्नाले **द्वन्द्व पिडित व्यक्ति तथा तिनका परिवारलाई** सम्झनुपर्छ। सो शव्दले जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व वा कुनै आधिकारिक निकायको अभिलेखमा नाम समावेश भइ अभिलेखिकरण भएका व्यक्ति तथा परिवार वा वडास्तरीय समितिले द्वन्द्व पिडित भनि प्रमाणित गरेका व्यक्ति वा परिवारलाई समेतलाई सम्झनुपर्छ ।

(ज) **स्थानीय समिति** भन्नाले सहायता परिचालनलाई व्यवस्थितरुपमा परिचालन गर्न जिम्मेवार कार्यविधिको दफा १० बमोजिम गठित समिति सम्झनुपर्छ ।

**(झ) वडा स्तरीय समिति** भन्नाले **द्वन्द्ध पिडित व्यक्ति तथा परिवार** भनि प्रमाणित गर्न र **द्वन्द्ध पिडित व्यक्ति तथा परिवारलाई** सहायताका लागि स्थानीय समिति समक्ष सिफारिस गर्न वडास्तरमा गठित समिति सम्झनुपर्छ ।

(ञ) **सहयोगि संस्था** भन्नाले भूमे गाउँपालिकाभित्र कार्यरत विकास साझेदार लगायत अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था समेतलाई सम्झनुपर्छ ।

३. **सहायताः ( १)** द्वन्द्ध पिडित व्यक्ति तथा परिवारले चाहेमा देहायको सहायता प्राप्त गर्न सक्नेछन ।

क) सिप तथा क्षमता विकास तालिम ।

ख) जिविकोपार्जन सुधारका लागि स्वरोजगारमुलक व्यवसाय संचालनका लागि अनुदान।

ग) अन्य सहायता ।

४. **सहायता प्राप्त गर्ने प्रक्रियाः**

१. गाउँपालिकाले दफा ३ को उपदफा (१) बमोजिमको सहायता प्रदान गर्नका लागि सहायता सम्बन्धी आवश्यक विवरण खुलाई कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

२. द्वन्द्ध पिडित व्यक्ति तथा परिवारले उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि आफुले प्राप्त गर्ने सहायता खुलाई अनुसूचि-१ बमोजिमको ढाँचामा तोकिएको म्यादभित्र स्थानीय समिति समक्ष देहायका कागजातहरुसहित निवेदन दिनुपर्नेछ ।

**क)** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) आधिकारिक निकायबाट जारी भएको परिचयपत्र वा प्रचलित कानून बमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट द्वन्द्ध पिडित भनि सूचिकरण भएको पुष्ट्याई वा जिल्ला प्रशासन कार्यालयको अभिलेखमा द्वन्द्ध पिडित भनि अभिलेखिकरण भएको प्रमाण वा वडास्तरीय समितिले द्वन्द्ध पिडित भनि प्रमाणित गरेको कागजात ।

ग) व्यवसायिक योजना वा अन्य जिविकोपार्जन सुधार सम्बन्धी योजना

घ) अन्य तोकीएका कागजातहरु ।

४. द्वन्द्ध पिडित व्यक्ति तथा परिवारले यस कार्यविधि बमोजिम गाउँपालिकाले विनियोजन गरेको रकमको सिमाभित्र रहि तोकीएको सहायता वार्षिक रुपमा प्राप्त गर्नेछन् ।

५. सहायता रकमको सिमा सहायता प्राप्त गर्ने व्यक्ति तथा परिवारले पेश गरेको व्यवसायिक योजना तथा जिविकोपार्जन सुधारका लागि पेश गरिएको योजना बमोजिम वार्षिक विनियोजित बजेटको सिमाभित्र रही स्थानीय समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

**५. सहायता कोषः** **(१)**गाउँपालिकाले द्धन्द्ध पिडित व्यक्ति तथा परिवारलाई सहायता प्रदान गर्ने प्रयोजनार्थ एक सहायता कोष स्थापना गर्न सक्नेछ।

(२) कोषमा गाउँपालिकाले वार्षिक रुपमा विनियोजन गरेको रकम र गाउँपालिका क्षेत्रभित्र कार्य क्षेत्र रहेको विकास साझेदार संस्था वा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरको साझेदारीमा प्राप्त हुने रकम रहनेछ ।

६. **खर्च तथा अनुदान निकासा प्रक्रियाः** (१) ।प्रचलित कानून बमोजिम गाउँपालिकाले विभिन सिप तथा क्षमता विकास तालिम सञ्चालन गरी रकम खर्च गर्न वा सहायता प्राप्त गर्ने व्यक्ति वा परिवारलाई अनुदान वा अन्य स्वरुपमा सहायता उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाले आफै वा कुनै संस्थामार्फत कोषबाट खर्च हुने गरी सिप तथा क्षमता विकास तालिम सञ्चालन गर्न सक्नेछ ।

**(३)** गाउँपालिकाबाट स्वीकृत भएको बजेटका आधारमा प्रत्येक व्यक्ति वा परिवारलाई बैङ्क खातामार्पत एकमुष्ट अनुदान दिइनेछ ।

(४) खर्च गर्दा वा अनुदान दिदा सहायता कोषमा रहेको रकम परिचालन गरिनेछ ।

७. **अनुगमन तथा प्रतिवेदनः** (१) यस कार्यविधि बमोजिम भएको खर्च र उपलब्ध गराइएको सहायता अनुदान उचित तवरले जिविकोपार्जन सुधारका लागि प्रयोग भए नभएको अनुगमन गराउनुपर्ने दायित्व सहायता प्राप्त गर्ने व्यक्ति तथा परिवारको हुनेछ । (२) अनुदान सहायत र सोको खर्चसहितको वार्षिक प्रतिवेदन सहायता प्राप्त गर्ने व्यक्ति वा परिवारले आर्थिक वर्षको अन्तिममा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

८. **दोहोरो सहायता लिन नहुँनेः** एकपटक सहायता लीइसकेको व्यक्ति तथा परिवारले दोहोर्याएर सहायता लिन नहुने । स्थानीय समितिले सिफारिस गर्दा र गाउँपालिकाले निर्णय गर्दा सो कुरा एकिन गरिमात्र दोहोरो नपर्ने गरी गर्नुपर्नेछ ।

९. **लेखा र लेखा परिक्षणः** सिप तथा क्षमता विकास तालिम तथा अनुदान सहायता सम्बन्धी सम्पूर्ण खर्चको लेखा राख्ने र सो को लेखा परिक्षण प्रचलित कानून बमोजिम गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

१०. **स्थानीय समितिः** (१)यस कार्यविधि बमोजिम गाउँपालिका समक्ष सहायता सिफारिस गर्न र सो कार्यक्रमको गुणस्तरियता र सदुपयोग सुनिश्चित गर्न गाउँपालिकामा देहायको एक स्थानीय समिति रहनेछ ।

क) अध्यक्ष, गाउँपालिका – संयोजक

ख) उपाध्यक्ष, गाउँपालिका – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख – सदस्य

ङ) शाखा प्रमुख (स्वास्थ्य क्षेत्र हेर्ने ) - सदस्य

२) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले स्थानीय समितिको सदस्य सचिव भइ काम गर्नुपर्नेछ ।

**(३)** स्थानीय विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) प्राप्त हुन आएका निवेदन उपर छानविन गर्ने,

ख) मनासिव देखिएका निवेदन छनौट गरी अनुदान सहायताका लागि अनुदान रकम सहित सिफारिस गर्ने,

ग) सिप तथा क्षमता विकास तालिम सञ्चालनका लागि सिफारिस गर्ने,

घ) अनुदानको गुणस्तर तथा सदुपयोग भए नभएको सुनिश्चितताका लागि अनुगमन गर्ने,

ङ) संघ, प्रदेश तथा अन्य निकाय र विकास साझेदार संस्थाहरुसँग सहायता साझेदारीका लागि समन्वय गर्ने,

च) गाउँपालिकाबाट प्राप्त निर्देशन अनुसारका अन्य कार्य गर्ने ।

**११. वडास्तरीय समितिः** यस अघि द्वन्द्व पिडित व्यक्ति वा परिवार भनि नेपाल राजपत्रमा प्रकाशित सूचि बाहेकका द्वन्द्वका सहिद, मृतक, वेपत्ता, घाइते तथा अपाङ्गता भएका व्यक्ति वा द्वन्द्व पिडित व्यक्ति एवं द्वन्द्व पिडितका परिवार भनि प्रमाणित गर्न वडास्तरमा देहायको एक वडास्तरीय समिति रहनेछ ।

क) वडाध्यक्ष - संयोजक

ख) सम्बन्धित वडाको वडाध्यक्षले तोकेको १ जना महिला सहित २ जना वडा सदस्यहरु- सदस्य

ग) प्रमुख राजनितिक दलका प्रतिनिधि कम्तिमा ३ जना – सदस्य

घ) सम्बन्धित क्षेत्रको सुरक्षा निकायको प्रमुख वा प्रतिनिधि – सदस्य

ङ) द्वन्द्व पिडितहरुमध्येबाट १ जना महिलासहित ३ जना - सदस्य

च) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

१२. वडा समितिको काम, कर्तव्य र अधिकार

क) आफ्नो वडामा रहेका द्वन्द्व पिडितहरुको सूचि तयार गर्ने

ख) अभिलेखिकरण नभएका द्धन्द्ध पिडित व्यक्ति एवम् परिवारको जाँचबुझ गरी प्रमाणित गर्ने

ग) गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम द्धन्द्ध पिडितका लागि सहायता प्राप्त गर्न सहजिकरणको कार्य गर्ने

घ) द्धन्द्ध पिडितलाई सहायता प्रदानका लागि स्थानीय समिति तथा अन्य निकायसँग समन्वय गर्ने

ङ) द्धन्द्ध पिडितलाई सहायताका लागि स्थानीय समितिसमक्ष सिफारिस गर्ने ।

१३. **विविधः** (१) गाउँ कार्यपालिकाले आवश्यकतानुसार यस कार्यविधिको कुनै दफा वा पुरै कार्यविधि संशोधन गर्न सक्नेछ । (२) यस कार्यविधिको कुनै दफा वा पुरै कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले उक्त बाधा अड्काउ फुकाइ कार्यान्वयनमा सहजिकरण गर्न सक्नेछ । (३) गाउँपालिकाले जुनसुकैवेला यो कार्यविधि खारेज गर्न सक्नेछ ।

अनुसूचि -१

दफा (४) को उपदफा (१ )सँग सम्बन्धित

**<u>सहायता प्राप्तिका लागि पेश गरिने निवेदनको ढाँचा</u>**

**विषयः सहायता उपलब्ध गराउने बारे ।**

श्री संयोजकज्यू,
स्थानीय समिति,

**द्वन्द्ध पिडित व्यक्ति तथा परिवारलाई जिविकोपार्जन सुधारका लागि सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिमको** सिप तथा क्षमता विकास तालिम/ जिविकोपार्जन सुधारका लागि स्वरोजगारमुलक व्यवसाय संचालनका लागि अनुदान / वा अन्य सहायता प्राप्तिका लागि निम्न कागजात संलग्न राखी निवेदन पेश गरेकोले सहायता उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

<u>संलग्न कागजातः</u>

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. द्वन्द्ध पिडित प्रमाणित परिचयपत्र वा जिल्ला प्रशासन कार्यालयको अभिलेखमा नाम समावेश भएको प्रमाण वा वडास्तरीय समितले द्वन्द्ध पिडित भनि प्रमाणित गरेको कागजात।
३. जिविकोपार्जन सुधारको व्यवसायिक योजना ।
४. यस अघि सहायता नलिएको स्व घोषणापत्र ।
५. फोटो २ प्रति ।
६. अन्य तोकीएका कागजातहरु ।

निवेदक

नामः
थरः
दस्तखतः
मितिः

आज्ञाले
देविलाल विक
प्रमुख प्रशासकीय
अधिकृत